# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
## Madan Bhandari Academy of Health Sciences
(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत स्थापित)

बागमती प्रदेश, हेटौंडा

..................... को कार्यालय


पत्र संख्या :-

चलानी नं. :- सूचना नं. - ४१

मिति २०८१/०८/२१

## सूचना

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०८१/०८/१७ गतेको कार्यकारी परिषद्को निर्णयानुसार प्रतिष्ठानको केन्द्रिय कार्यालय र हेटौंडा अस्पतालको कार्यालय समय तपशिल बमोजिम हुनेछ ।यस प्रतिष्ठानको शैक्षिक कार्यालयको हकमा कार्यालय समय विगतको व्यवस्थालाई निरन्तर गरि सोहि बमोजिम नै यथावत रहने छ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सबै निकायहरुको ड्रेस कोड एकै खालको कायम गर्नका निमित्त प्रतिष्ठानको प्रशासनिक कर्मचारी तथा शिक्षकहरु कार्यालयमा उपस्थित हुँदा नेपाल सरकारले तोके बमोजिमको कार्यालय पोशाक (पुरुषले गाढा नीलो पाइन्ट, सेतो सर्ट, गाढा नीलो कोट तथा कालो जुत्ता र महिला कर्मचारीले गाढा नीलो पाइन्ट, सेतो सर्ट, गाढा नीलो कोट, कालो जुत्ता, स्याण्डल वा सारी (आकासे गाढा नीलो) सारीको पारि (गाढा बैजनी) ब्लाउज (सारीको पारि अनुसारको) वा कुर्ता सुरुवाल (कुर्ता आकासे गाढा नीलो तथा गाढा निलो तथा सलवार र सल गाढा बैजनी रङको सादा) लगाउनु पर्ने र चिकित्सक तथा स्वास्थ्यकर्मिको हकमा एप्रोन अनिवार्य लगाउनु पर्ने निर्णय भएको हुँदा सोहि अनुसार गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल(समय)

**(मिति २०८०/१०/२९ मा प्रकाशित नेपाल राजपत्र अनुसार)**

**२०८१/०८/२३ देखि २०८१ माघ १५ गते सम्म :**

- आइतबार देखि बिहिबार सम्म बिहान १० बजे देखि अपरान्ह ४ बजे सम्म

**२०८१ माघ १५ गते देखि चैत्र मसान्त सम्म :**

- आइतबार देखि बिहिबार सम्म बिहान १० बजे देखि अपरान्ह ५ बजे सम्म

**शुक्रबारको दिन :**

बिहान १० बजे देखि अपरान्ह ३ बजे सम्म

**खाजा समय:**

दिउसो १:३० बजेदेखि २:०० बजेसम्म हुनेछ ।

..........................

(भिम सागर गुरागाईं)

रजिष्ट्रार